# राष्ट्रिय युवा नीति, २०८२


नेपाल सरकार
**युवा तथा खेलकुद मन्त्रालय**
सिंहदरवार, काठमाडौं
फोन नं. : ४२००५४२ (प्रशासन),
४२००५५३ (योजना), ४२००५४५ (युवा)
इमेल : info@moys.gov.np
वेबसाईट : www.moys.gov.np



नेपाल सरकार
**युवा तथा खेलकुद मन्त्रालय**
सिंहदरवार, काठमाडौं

# राष्ट्रिय युवा नीति, २०८२

नेपाल सरकार (मन्त्रिपरिषद्) बाट स्वीकृत मितिः- २०८२।०५।०२


**नेपाल सरकार**

## युवा तथा खेलकुद मन्त्रालय

**सिंहदरबार, काठमाडौं**

पुस्तक : राष्ट्रिय युवा नीति, २०८२

प्रकाशक : युवा तथा खेलकुद मन्त्रालय

सिंहदरबार, काठमाडौं

प्रकाशित प्रति : १५०० थान

# विषयसूची


परिच्छेद एकः परिचय........................................................१

१.१. पृष्ठभूमि....................................................................१

१.२. समस्या, चुनौती र नीतिको आवश्यकता.........................................३

१.२.१. समस्याः..........................................................................३

१.२.२. चुनौतीः ..........................................................................३

१.२.३. नीतिको आवश्यकताः....................................................... ४

परिच्छेद दुईः नीति संरचना.......................................................५

२.१ दुरदृष्टि (Vision).......................................................................५

२.२ ध्येय (Mission).......................................................................५

२.३ लक्ष्य (Goal).............................................................................५

२.४ उद्देश्य (Objective)....................................................................५

२.५ नीति (Policy)...........................................................................५

२.६ रणनीतिहरू (Strategy):.................................................................७

२.७ कार्यनीति (Action Policy): .........................................................१०

परिच्छेद तीनः नीति कार्यान्वयन .................................................१९

३.१ संस्थागत व्यवस्था .....................................................................१९

३.२. कानूनी व्यवस्था.........................................................................२०

३.३. वित्तीय, भौतिक तथा मानवीय स्रोत व्यवस्थापन...............................२०

३.४. नीति समन्वय र सामञ्जस्यता ........................................ २१

३.५. जोखिम पहिचान र व्यवस्थापन........................................ २१

३.६. अनुगमन, मूल्याङ्कन तथा नीति पुनरावलोकन.............................. २२

  ३.६.१. अनुगमन तथा मूल्याङ्कन ........................................ २२

  ३.६.२. नीति समीक्षा तथा पुनरावलोकन.................................. २२

३.७. नीति कार्यान्वयन कार्ययोजना........................................ २३

३.८. खारेजी र बचाउ ........................................................ २३

अनुसूची १ ..............................................................२४

# परिच्छेद एकः
# परिचय

## १.१. पृष्ठभूमि

आर्थिक, सामाजिक, राजनीतिक र सांस्कृतिक रूपान्तरणका संवाहकको रूपमा युवा जनशक्तिलाई लिइन्छ। साहस, सिर्जनशीलता, उत्सुकता एवं उच्च आत्मविश्वासका कारण राष्ट्रको समग्र विकास र परिवर्तनमा युवाको अहम् भूमिका रहन्छ। राष्ट्रिय जनगणना, २०६८ अनुसार नेपालमा १६-४० वर्ष उमेर समूहका युवाको सङ्ख्या कूल जनसङ्ख्याको ४०.३५ प्रतिशत रहेकोमा राष्ट्रिय जनगणना, २०७८ अनुसार ४२.५६ प्रतिशत रहेको छ। यसैगरी १५-५९ वर्ष उमेर समूहको सङ्ख्या कूल जनसङ्ख्याको ६१.९६ प्रतिशत र १५-६४ उमेर समूहको सक्रिय जनसङ्ख्या ६५ प्रतिशतको हाराहारीमा रहेको छ। नेपालको वर्तमान जनसाङ्ख्यिक संरचनामा युवा उमेर समूहभित्र पनि १८-२४ वर्ष उमेरको सङ्ख्या अधिक रहेको छ। युवावयको प्रारम्भिक समयमा प्राप्त सिकाइ र जीवनदर्शनले भविष्य निर्धारण गर्ने भएकाले यो उमेर समूहको युवालाई गुणात्मक शिक्षा, सीप र दिगो अवसर प्रदान गरी राष्ट्रको सर्वाङ्गीण विकासमा उपयोग गर्न राष्ट्रिय नीति निर्माण गर्नु आजको आवश्यकता हो।

नेपालको संविधानको धारा ५१ को खण्ड (ञ) मा राष्ट्रिय विकासमा युवा सहभागिता अभिवृद्धि गर्दै राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरूको पूर्ण उपयोगको वातावरण सिर्जना गर्ने, युवाको सशक्तिकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, रोजगारी लगायतका क्षेत्रमा विशेष अवसर प्रदान गर्दै व्यक्तित्व विकास गर्ने तथा राज्यको सर्वाङ्गीण विकासमा योगदानका लागि उपयुक्त अवसर प्रदान गर्ने व्यवस्था रहेको छ। युवाका आधारभूत अधिकारहरूको प्रत्याभूति गर्दै युवा सशक्तिकरणका माध्यमबाट सबल, उद्यमशील, सिर्जनशील तथा वैज्ञानिक एवं सकारात्मक सोचयुक्त समृद्ध युवा तयार गरी राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक जीवनमा अर्थपूर्ण योगदान दिन सक्ने गरी राष्ट्रका युवालाई नेतृत्वदायी भूमिकामा स्थापित गराउन राष्ट्रिय युवा नीति, २०७२ जारी गरिएको थियो।

परापूर्वकालदेखि नै साहसी योद्धा, वीरताको प्रतीक तथा विकासको संवाहकको रूपमा राष्ट्र निर्माणमा युवाले भूमिका निर्वाह गरेको ऐतिहासिक दृष्टान्तहरू रहेका छन्।

औपचारिक रूपमा युवाको सरोकार सम्बोधन गर्नका लागि वि.सं.२०५२ मा युवा, खेलकुद तथा संस्कृति मन्त्रालयको स्थापना भयो। वि.सं.२०६६ माघ १४ गतेको नेपाल सरकार मन्त्रिपरिषद्को बैठकले राष्ट्रिय युवा नीति, २०६६ पारित गऱ्यो। सोही नीतिको समय सान्दर्भिक परिमार्जन गरी राष्ट्रिय युवा नीति, २०७२ जारी गरिएको थियो। राष्ट्रिय युवा नीतिले परिकल्पना गरेअनुसार राष्ट्रिय युवा परिषद् ऐन, २०७२ तथा राष्ट्रिय युवा परिषद् नियमावली, २०७३ जारी गरी राष्ट्रिय युवा परिषद्को स्थापना गरियो। यी व्यवस्थाको प्रभावकारी कार्यान्वयनको लागि युथ भिजन, २०२५ तथा युवासम्बन्धी १० वर्षे रणनीतिक योजना कार्यान्वयनमा रहेका छन्। नवौं पञ्चवर्षीय योजनादेखि हालसम्मका हरेक आवधिक योजनामा युवा विकासको विषय समावेश हुँदै आएको छ।

युवासम्बन्धी विषयलाई व्यवस्थित रूपमा सम्बोधन र समन्वय गरी मुलुकको आर्थिक, सामाजिक रूपान्तरणका लागि नीति/योजना तर्जुमा तथा कार्यक्रमको कार्यान्वयन युवा तथा खेलकुद मन्त्रालयले गर्दै आएको छ। राष्ट्रिय युवा नीति, २०७२ का लक्ष्य तथा उद्देश्य हासिल गर्ने क्रममा विषयगत मन्त्रालयहरू, राष्ट्रिय युवा परिषद्, युवा तथा साना व्यवसायी स्वरोजगार कोष लगायत विभिन्न निकायहरू क्रियाशील रहेका छन्। राष्ट्रिय युवा परिषद्ले युवाको विकासका लागि युवा सञ्जाल गठन, नव प्रवर्तन, उद्यमशीलता विकास, सहुलियतपूर्ण कर्जा सहजीकरणका लागि वित्तीय साक्षरता, एक शिक्षण संस्था एक उद्यम, नमुना युवा संसद् अभ्यास, नमुना संयुक्त राष्ट्र सङ्घीय अभ्यास, युवा क्लब गठन, युवा स्वयंसेवक विकास र परिचालन, युवा परामर्श तथा मार्गदर्शन लगायतका कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। युवा तथा साना व्यवसायी स्वरोजगार कोषमार्फत विना धितो सहुलियतपूर्ण कर्जा प्रदान हुँदै आएको छ। नेपाल स्काउटले विपद् व्यवस्थापन, मानवीय सेवा तथा मेला पर्व व्यवस्थापनमा स्वयंसेवक परिचालनको कार्यहरू गरीरहेको छ। यसका साथै युवा तथा खेलकुद मन्त्रालयले अन्तर मन्त्रालय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सरकारी तथा गैरसरकारी संस्था, नेपाल स्काउट, राजनीतिक दलका युवासम्बद्ध सङ्घसंस्था एवं विकासका साझेदारसँग समन्वय गर्दै आएको छ। यद्यपि, स्रोत साधनको समुचित परिचालन गरी उत्पादनमुलक रोजगारीका अवसरहरू अपेक्षाकृत रूपमा सिर्जना गर्न

नसकिएको कारणले युवाको क्षमता अभिवृद्धि गरी राष्ट्र निर्माणमा युवाको भूमिका बढाउन अझै थप प्रयास गर्नुपर्ने आवश्यकता छ।

## १.२. समस्या, चुनौती र नीतिको आवश्यकता

### १.२.१. समस्याः

युवाको क्षेत्रमा पर्याप्त अध्ययन, अनुसन्धान भई युवा विकासको लागि आवश्यक ठोस कार्यक्रमहरू लक्षित वर्गसम्म पुग्न नसक्नु युवा विकासमा प्रमुख समस्याको रूपमा रहेको छ। सङ्घीय संरचना अनुरूप नीतिगत तथा संस्थागत व्यवस्था पूर्ण रूपमा क्रियाशील भई नसकेकोले कार्यविधिगत अस्पष्टता, विषयगत मन्त्रालयहरूको कार्यक्रमहरू बीच तादात्म्यताको कमी, विगतमा सञ्चालित कार्यक्रमहरूको न्यून प्रभावकारिता, स्रोतसाधनको अपर्याप्तता तथा अवसरको समानुपातिक वितरण नहुँदा लक्षित उपलब्धि हासिल हुन सकेको छैन। साथै, हालसम्म भएका कार्यको खण्डीकृत तथ्याङ्क नहुँदा प्राप्त उपलब्धि मापन गर्नसमेत कठिनाइ भएको छ। यसैगरी सामाजिक सेवामा असमान पहुँच, आर्थिक तथा अन्य स्रोतसाधनको असमान वितरणको कारणले विभिन्न सामाजिक समूह बीचको असमानताबाट सिर्जित असरहरू समेत युवाका समस्याका रूपमा रहेका छन्।

### १.२.२. चुनौतीः

विज्ञान तथा सूचना प्रविधिमा भएको नवीनतम विकास, आप्रवासनको बदलिँदो स्वरूप, विश्वव्यापीकरण, जलवायु परिवर्तन, विद्युतीय अपराध, अवैध कारोबार, लागूऔषध दुर्व्यसन तथा ओसारपसार, यौनजन्य हिंसाजस्ता अपराधजन्य गतिविधिको वृद्धिको कारणले युवाको विकासमा चुनौतीहरू थपिएका छन्। यस परिप्रेक्ष्यमा शिक्षित एवं स्वस्थ युवा तयार गर्नु, व्यावसायिक सीप र प्रविधिमा पहुँच पुऱ्याउनु, रोजगारी र स्वरोजगारीको अवसर सिर्जना गर्नु, युवामैत्री लगानी र उद्यमशील वातावरण तयार गर्नु, युवालाई नीति निर्माणदेखि कार्यान्वयन तहसम्म सहभागी गराउनु, युवामा कुशल नेतृत्व क्षमता विकास गर्नु एवं सामाजिक, आर्थिक असमानता हटाउनु, श्रमप्रतिको सम्मानजनक सामाजिक मान्यता कायम गर्नु, श्रमशील तथा सुसंस्कृत युवा तयार गर्नु, जनसाङ्ख्यिक गतिशीलतालाई सम्बोधन गरी जनसाङ्ख्यिक लाभ हासिल गर्नु लगायतका चुनौतीहरू विद्यमान रहेका छन्।

### १.२.३. नीतिको आवश्यकताः

नेपालको संविधानले निर्दिष्ट गरेअनुसार युवाको सर्वाङ्गीण विकासका लागि राष्ट्रिय युवा नीतिमा समसामयिक परिमार्जन गरी नयाँ नीति तर्जुमा गर्न आवश्यक भएको छ। "युवाको विकास र विकासमा युवा" नीति कार्यान्वयन गर्न, युवाको क्षमता विकास गरी हरेक क्षेत्रमा युवा सहभागिता बढाउन आवश्यक देखिन्छ। युवामा सिर्जनशीलता, वैज्ञानिकता, उद्यमशीलताको भावना बोध गराई राजनीतिक, आर्थिक र सामाजिक विकासका क्षेत्रमा पहुँच बढाउँदै उत्पादन, उपभोग, लाभ र दीर्घकालीन प्रभावसँग युवालाई जोड्न आवश्यक देखिन्छ। युवाहरूमा समालोचनात्मक सोच, जिम्मेवारी, कर्तव्य, जवाफदेहिताको विकास गरी न्याय र नैतिकतामा आधारित स्वच्छ, सामाजिक जीवनको विकास गर्न र युवाका मुद्दाहरू यथोचित रूपमा सम्बोधन गरी सक्षम युवा निर्माण गर्नु अत्यन्त जरूरी भएको छ। सोह्रौं योजना (२०८१/८२-२०८५/८६) ले निर्दिष्ट गरेका राष्ट्रभाव भएको सदाचारी र सबल युवा निर्माण गरी युवा परिचालनको रणनीतिको सफल कार्यान्वयन गर्नसमेत समय सापेक्ष युवा नीति आवश्यक भएको छ।

समावेशी, समानुपातिक र समविकासको सिद्धान्त अनुरूप सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्न, राष्ट्रिय स्वाधीनता तथा नेपालको सार्वभौमसत्तालाई अक्षुण्ण राख्न, युवा नेतृत्वको सम्भावनालाई मूर्त रूप दिन र राज्य सञ्चालनका हरेक प्रक्रियामा युवाको सक्रिय सहभागिता सुनिश्चित गर्न राज्यले ठोस नीति लिन आवश्यक देखिन्छ। मुलुकले सङ्घीय प्रणाली अभ्यास गरिरहेको सन्दर्भमा युवाको विकास, परिचालन र उपयोग गर्न राज्यको तीनै तहका सरकारको भूमिका परिभाषित गर्न, युवा प्रतिभाको पहिचान र विकास गर्दै स्वदेशी र विश्वव्यापी रूपमा सिर्जना हुने अवसरहरूमा पहुँच बढाउन, बदलिँदो विश्व परिवेश एवं जनसाङ्ख्यिक संरचनामा आएको परिवर्तन अनुकूल हुनेगरी युवा नीति अद्यावधिक गर्नुपर्ने आवश्यकतालाई दृष्टिगत गरी युवा क्षेत्रको मार्गदर्शक नीतिको रूपमा राष्ट्रिय युवा नीति, २०८२ तर्जुमा गरीएको छ।

# परिच्छेद दुईः
# नीति संरचना

## २.१ दुरदृष्टि (Vision)

युवाको सर्वाङ्गीण विकासमार्फत् राष्ट्र निर्माणमा सार्थक सहभागिता।

## २.२ ध्येय (Mission)

युवालाई सक्षम र जिम्मेवार बनाई राष्ट्र निर्माणमा युवाको सार्थक सहभागिता र भूमिका बढाउने।

## २.३ लक्ष्य (Goal)

१. युवाको सर्वाङ्गीण विकास गर्ने।
२. राज्यको विकासमा युवाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने।
३. राष्ट्रभाव भएका सदाचारी एवं सुसंस्कृत युवा तयार गरी समुन्नत राष्ट्र निर्माणमा योगदान गर्ने।

## २.४ उद्देश्य (Objective)

१. स्वस्थ, शिक्षित, सकारात्मक सोचयुक्त, नैतिकवान्, उद्यमशील, सिर्जनशील, कर्तव्य तथा दायित्वप्रति निष्ठावान् र अधिकारप्रति सचेत युवा शक्तिको विकास, संरक्षण र परिचालन गर्नु।
२. राष्ट्रको सामाजिक, सांस्कृतिक, आर्थिक, राजनीतिक तथा दिगो विकासमा युवा परिचालनको सुनिश्चितता गर्नु।
३. राष्ट्रियताको भावना जागृत गराउँदै समाज रूपान्तरण र राष्ट्र निर्माणमा युवाहरूको नेतृत्वदायी भूमिका बढाउनु।

## २.५ नीति (Policy)

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेश अनुकूल हुने गरी नेपालको सन्दर्भमा १८ देखि ३५ वर्षको उमेर समूहको जनसङ्ख्यालाई युवा मानिनेछ। राष्ट्रिय जनगणना, २०७८ ले वर्गीकरण गरेको उमेर समूहलाई आधार मानी यस नीतिमा समावेश भएका क्षेत्रगत नीति, रणनीति तथा कार्यनीतिमा आबद्ध गराई कार्यान्वयन गरिनेछ। साथै, यस नीति

अन्य क्षेत्रगत नीतिका युवा लक्षित कार्यनीतिमा मार्गदर्शनको रूपमा रहनेछ र जिम्मेवार निकायले सम्बन्धित नीतिहरू बीच अन्तरआबद्धता गर्दै लैजानेछन्।

२.५.१ गुणस्तरीय, जीवनोपयोगी र रोजगारमूलक शिक्षामा युवाको समावेशी पहुँच स्थापना गरी ज्ञानमा आधारित समाज निर्माण गरिनेछ। **(उद्देश्य १ सँग सम्बन्धित)**

२.५.२ गुणस्तरीय स्वास्थ्य सेवामा युवाको सहज पहुँच सुनिश्चित गर्न एकीकृत स्वास्थ्य प्रणाली विस्तार गरिनेछ। **(उद्देश्य १ सँग सम्बन्धित)**

२.५.३ राष्ट्रिय र अन्तर्राष्ट्रिय श्रम बजारमा प्रतिस्पर्धी मानव पूँजी निर्माण गर्न युवाको व्यावसायिक सीप विकास, अनुसन्धान र स्रोतसाधनमा पहुँच सुनिश्चित गरिनेछ। **(उद्देश्य २ सँग सम्बन्धित)**

२.५.४ कला, साहित्य, संस्कृति एवं खेलकुदको विकास र विस्तार गरी स्वस्थ, सक्षम र अनुशासित युवा तयार पार्दै अन्तर्राष्ट्रिय जगतमा राष्ट्रको सम्मान अभिवृद्धि गरिनेछ। **(उद्देश्य २ सँग सम्बन्धित)**

२.५.५ वातावरण संरक्षण, दिगो विकास र जलवायु परिवर्तनको असर न्यूनीकरण र अनुकूलता प्रवर्धनको लागि युवाको सहभागितामा उत्थानशील समाज तथा जलवायु न्याय सुनिश्चित गरिनेछ। **(उद्देश्य २ सँग सम्बन्धित)**

२.५.६ अनुसन्धान, अन्वेषण र प्रविधिमा युवाको समावेशी सहभागिता, सहज पहुँच, उच्चतम उपयोग र साइबर सुरक्षा सुनिश्चित गरी प्रविधिमैत्री राष्ट्र निर्माण गरिनेछ। **(उद्देश्य २ सँग सम्बन्धित)**

२.५.७ राज्यको मूल प्रवाहमा पछाडि परेका युवालाई सामाजिक सशक्तीकरण गर्दै लाभको वितरणमा समावेशीता कायम गरिनेछ। **(उद्देश्य २ सँग सम्बन्धित)**

२.५.८ आर्थिक, सामाजिक, सांस्कृतिक र राजनीतिक क्षेत्रका नीति निर्माण प्रक्रियामा युवाको समावेशी र सार्थक सहभागिता सुनिश्चित गर्दै समाज रूपान्तरण तथा राष्ट्र निर्माणमा युवाको नेतृत्वदायी भूमिका स्थापित गरिनेछ। **(उद्देश्य ३ सँग सम्बन्धित)**

२.५.९ समृद्ध राष्ट्र निर्माणका लागि युवा सम्वद्ध निकाय र सरोकारवालाहरूसँगको सहकार्य र साझेदारीलाई संस्थागत गरिनेछ। **(उद्देश्य ३ सँग सम्बन्धित)**

**२.६ रणनीतिहरू (Strategy):**

**नीति २.५.१ (गुणस्तरीय, जीवनोपयोगी र रोजगारमूलक शिक्षामा युवाको समावेशी पहुँच स्थापना गरी ज्ञानमा आधारित समाज निर्माण गरिनेछ।) सँग सम्बन्धित**

२.६.१ गुणस्तरीय शिक्षामा युवाको पहुँच बढाउने।

२.६.२ जीवनोपयोगी शिक्षाको आधारभूत मापदण्डको रूपमा अन्तरवैयक्तिक संवाद, आलोचनात्मक सोच (Critical Thinking), समस्या समाधान, परिवर्तन व्यवस्थापनका सीपलाई समावेश गर्ने।

२.६.३ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय श्रमबजारमा प्रतिस्पर्धी दक्ष युवा जनशक्ति तयार गर्न रोजगारमूलक शिक्षामा युवाको सहभागिता वृद्धि गर्ने।

**नीति २.५.२. (गुणस्तरीय स्वास्थ्य सेवामा युवाको सहज पहुँच सुनिश्चित गर्न एकीकृत स्वास्थ्य प्रणाली विस्तार गरिनेछ।) सँग सम्बन्धित**

२.६.४ युवा लक्षित निरोधात्मक, उपचारात्मक एवं प्रवर्धनात्मक सर्वसुलभ आधारभूत स्वास्थ्य सेवा उपलब्ध गराउने।

२.६.५ युवा लक्षित शारीरिक/मानसिक स्वास्थ्य तथा मनोसामाजिक परामर्श सेवामा युवाको सहज पहुँच सुनिश्चित गर्ने।

२.६.६ घातक रोग, एच.आई.भी. सङ्क्रमण, लागूऔषध दुर्व्यसन तथा कुलतमा परेका युवाको लागि विशेष कार्यक्रम सञ्चालन गर्ने।

**नीति २.५.३. (राष्ट्रिय र अन्तर्राष्ट्रिय श्रम बजारमा प्रतिस्पर्धी मानव पूँजी निर्माण गर्न युवाको व्यावसायिक सीप विकास, अनुसन्धान र स्रोतसाधनमा पहुँच सुनिश्चित गरिनेछ) सँग सम्बन्धित**

२.६.७ युवाहरूको रोजगारमूलक क्षमता अभिवृद्धि गर्न युवा लक्षित सामाजिक उद्यमशीलताको विकास गर्ने।

२.६.८ जीविकोपार्जनका अवसरमा युवाहरूको पहुँच बढाउन स्थानीय स्रोतसाधन र परम्परागत सीपमा आधारित रोजगारी तथा स्वरोजगारीमा आबद्धता बढाउने।

२.६.९ युवा उद्यमीलाई प्रोत्साहन गर्न सीप, पुँजी, उद्यम र बजार व्यवस्थापनमा लगानी बढाउने तथा लगानीको सुरक्षा तथा व्यावसायिक स्वास्थ्य तथा सुरक्षा सुनिश्चित गर्ने।

**नीति २.५.४ (कला, साहित्य, संस्कृति एवं खेलकुदको विकास र विस्तार गरी स्वस्थ, सक्षम र अनुशासित युवा तयार पार्दै अन्तर्राष्ट्रिय जगतमा राष्ट्रको सम्मान अभिवृद्धि गरिनेछ) सँग सम्बन्धित**

२.६.१० साहसिक खेल एवं खेल पर्यटनमा युवाको सहभागिता अभिवृद्धि गर्न खेलकुदको आधुनिकीकरण तथा व्यवसायीकरण गर्ने ।

२.६.११ युवालाई खेलकुदप्रति अभिरुचि बढाउन खेल पूर्वाधार निर्माण, विभिन्न प्रशिक्षण र प्रतिस्पर्धाको अवसर एवं प्रोत्साहनका कार्यक्रमहरू सञ्चालन गर्ने।

२.६.१२ युवा लक्षित कला, साहित्य, संस्कृति एवं मनोरञ्जनात्मक कार्यक्रमहरू सञ्चालन गरी युवा सहभागिता बढाउने।

**नीति २.५.५ (वातावरण संरक्षण, दिगो विकास र जलवायु परिवर्तनको असर न्यूनीकरण र अनुकूलता प्रवर्धनको लागि युवाको सहभागितामा उत्थानशील समाज तथा जलवायु न्याय सुनिश्चित गरिनेछ।) सँग सम्बन्धित**

२.६.१३ वातावरण संरक्षण र दिगो विकासका लागि नवप्रवर्तन र प्रविधिको उपयोग गर्दै युवाको अगुवाइमा अभियान सञ्चालन गर्ने।

२.६.१४ जलवायु परिवर्तनका असर न्यूनीकरण गर्न, अनुकूलनता बढाउन र उत्थानशीलता प्रवर्धनको लागि युवालाई क्रियाशील बनाउने।

२.६.१५ जलवायु परिवर्तनका कारण उत्पन्न हुने सामाजिक, आर्थिक र वातावरणीय क्षतिबाट प्रभावित युवालाई जलवायु न्यायको समानुपातिक वितरण सुनिश्चितता गर्ने।

**नीति २.५.६ (अनुसन्धान, अन्वेषण र प्रविधिमा युवाको समावेशी सहभागिता, सहज पहुँच, उच्चतम उपयोग र साइबर सुरक्षा सुनिश्चित गरी प्रविधिमैत्री राष्ट्र निर्माण गरिनेछ।) सँग सम्बन्धित**

२.६.१६ डिजिटल समावेशीकरणको सिद्धान्त अनुरूप सूचना प्रविधिको प्रयोगमा सबै युवाको सहभागिता सुनिश्चित गर्दै सूचना प्रविधिको क्षेत्रलाई रोजगारीको मुख्य केन्द्रको रूपमा विकास गर्ने।

२.६.१७ सूचना प्रविधिको अधिकतम प्रयोग गर्दै विज्ञानको अध्ययन, अनुसन्धान एवं आविष्कारको क्षेत्रमा युवाहरूको सहभागिता बढाई सबैको पहुँचयोग्य अत्याधुनिक प्रविधिको विकास गर्ने।

२.६.१८ सूचनाको पहुँच तथा सुरक्षा, गोपनीयता तथा साइबर सुरक्षामा युवाको भूमिका पहिचान गर्दै विज्ञान तथा प्रविधिको विकासमा युवा सहभागिता बढाउने।

**नीति २.५.७ (राज्यको मूल प्रवाहमा पछाडि परेका युवालाई सामाजिक सशक्तीकरण गर्दै लाभको वितरणमा समावेशीता कायम गरिनेछ।) सँग सम्बन्धित**

२.६.१९ राज्यको मूल प्रवाहमा पछाडि परेका युवाको आर्थिक, सामाजिक एवं राजनीतिक सशक्तीकरण गर्ने।

२.६.२० राज्यबाट प्राप्त हुने लाभको वितरण तथा उपभोगमा युवा सहभागिता अभिवृद्धि गर्ने।

**नीति २.५.८ (आर्थिक, सामाजिक, सांस्कृतिक र राजनीतिक क्षेत्रका नीति निर्माण प्रक्रियामा युवाको समावेशी र सार्थक सहभागिता सुनिश्चित गर्दै समाज रूपान्तरण तथा राष्ट्र निर्माणमा युवाको नेतृत्वदायी भूमिका स्थापित गरिनेछ।) सँग सम्बन्धित**

२.६.२१ आर्थिक, सामाजिक, सांस्कृतिक र राजनीतिक क्षेत्रमा युवा नेतृत्वलाई प्रोत्साहन र प्राथमिकता दिने।

२.६.२२ नीति निर्माणदेखि कार्यान्वयनसम्मका चरणमा युवाको समावेशी र सार्थक सहभागिता सुनिश्चित गर्ने।

२.६.२३ लोकतन्त्रको संस्थागत विकास, दिगो शान्ति, सुशासन र समृद्धिमा युवाको संलग्नता, स्वामित्व र योगदानको वातावरण तयार गर्ने।

**नीति २.५.९ (समृद्ध राष्ट्र निर्माणका लागि युवा सम्वद्ध निकाय र सरोकारवालाहरूसँगको सहकार्य र साझेदारीलाई संस्थागत गरिनेछ।) सँग सम्बन्धित**

२.६.२४ युवा लक्षित कार्यक्रममा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सरोकारवाला निकाय र सङ्घसंस्थाको सहभागिता र स्वामित्व स्थापित गर्ने।

२.६.२५ युवामार्फत समग्र राष्ट्रको विकास गर्न सङ्घ, प्रदेश र स्थानीय तह बीचको सहकार्य र साझेदारीको पद्धतिलाई आधार बनाउने।

## २.७ कार्यनीति (Action Policy):

**रणनीति २.६.१ (गुणस्तरीय शिक्षामा युवाको पहुँच बढाउने।) सँग सम्बन्धित**

२.७.१ औपचारिक, अनौपचारिक र वैकल्पिक शिक्षाका कार्यक्रममार्फत शिक्षामा सबै युवाको समान र सहज पहुँच स्थापना गरिनेछ।

२.७.२ उच्च शिक्षामा विभिन्न विषयमा छात्रवृत्ति तथा नेशनल फेलोसिप कार्यक्रम सञ्चालन गरिनेछ।

२.७.३ शिक्षालाई वैज्ञानिक, प्राविधिक र व्यवहारिक बनाउन विद्यालय र विश्वविद्यालयका पाठ्यक्रममा आवश्यक परिमार्जन गरिनेछ।

**रणनीति २.६.२ (जीवनोपयोगी शिक्षाको आधारभूत मापदण्डको रूपमा अन्तरवैयक्तिक संवाद, आलोचनात्मक सोच (Critical Thinking), समस्या समाधान, परिवर्तन व्यवस्थापनको सीपलाई समावेश गर्ने।) सँग सम्बन्धित**

२.७.४ युवामा जीवनोपयोगी सीपको विकास गर्न समसामयिक विषयका शैक्षिक तालिम सञ्चालन गरिनेछ।

२.७.५ विश्वविद्यालयका पाठ्यक्रम तथा विद्युतीय प्लेटफर्ममा जीवन दर्शनका पाठ्यक्रमहरू समावेश गरी सञ्चालन गरिनेछ।

२.७.६ गुणस्तरीय शिक्षाका लागि विभिन्न शैक्षिक अनुसन्धान केन्द्रहरूका सिफारिसहरूको कार्यान्वयन गरिनेछ।

**रणनीति २.६.३ (राष्ट्रिय तथा अन्तर्राष्ट्रिय श्रमबजारमा प्रतिस्पर्धी दक्ष युवा जनशक्ति तयार गर्न रोजगारमूलक शिक्षामा युवाको सहभागिता वृद्धि गर्ने।) सँग सम्बन्धित**

२.७.७ उच्चशिक्षामा अध्ययनरत युवालाई उद्यमशील र व्यवसायी बनाउन शैक्षिक ऋणको व्यवस्था गरिनेछ।

२.७.८ श्रमबजारको माग अनुरुप दक्ष जनशक्ति उत्पादन गर्न व्यावसायिक तथा प्राविधिक शैक्षिक कार्यक्रमहरू सञ्चालन गरिनेछ।

२.७.९ उच्च शिक्षामा अध्ययनरत युवालाई न्यूनतम जीवन निर्वाह भत्ता दिई स्वयंसेवकको रूपमा परिचालन गर्न प्रोत्साहित गरिनेछ।

**रणनीति २.६.४ (युवा लक्षित निरोधात्मक, उपचारात्मक एवं प्रवर्धनात्मक सर्वसुलभ आधारभूत स्वास्थ्य सेवा उपलब्ध गराउने।) सँग सम्बन्धित**

२.७.१० युवा लक्षित प्राकृतिक चिकित्सा, योग, ध्यान, खाद्य पोषणको बारेमा जानकारीमूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ।

२.७.११ विशेष प्राथमिकताको समूहका युवालाई सबै प्रकारका रोगको उपचार सर्वसुलभ बनाउन स्वास्थ्य संस्थाको विस्तार गरिनेछ।

२.७.१२ युवाको स्वास्थ्यलाई केन्द्रित गरी आधुनिक चिकित्सासम्बन्धी प्रवर्धनात्मक कार्यक्रम सञ्चालन गरिनेछ।

**रणनिति २.६.५ (युवा लक्षित शारीरिक/मानसिक स्वास्थ्य तथा मनोसामाजिक परामर्श सेवामा युवाको सहज पहुँच सुनिश्चित गर्ने) सँग सम्बन्धित**

२.७.१३ स्वास्थ्य बीमामा युवाको पहुँच बढाइनेछ।

२.७.१४ युवाको प्रजनन स्वास्थ्यको विषयमा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

२.७.१५ युवालाई मनोसामाजिक तथा अन्य संवेदनशील विषयमा परामर्श केन्द्रमार्फत परामर्श सेवा उपलब्ध गराइनेछ।

**रणनीति २.६.६ (घातक रोग, एच.आई.भी. सङ्क्रमण, लागूऔषध दुर्व्यसन तथा कुलतमा परेका युवाको लागि विशेष कार्यक्रम सञ्चालन गर्ने।) सँग सम्बन्धित**

२.७.१६ हिंसा, कुलत तथा लागूपदार्थको दुर्व्यसनमा परेका युवालाई लक्षित गरी पुनःस्थापना केन्द्र सञ्चालन गरिनेछ।

२.७.१७ एच.आई.भी. सङ्क्रमित तथा अन्य घातक रोगबाट पीडित युवाको लागि सहुलियतपूर्ण उपचारको कार्यक्रम ल्याइनेछ।

**रणनिति २.६.७ (युवाहरूको रोजगारमूलक क्षमता अभिवृद्धि गर्न युवा लक्षित सामाजिक उद्यमशीलताको विकास गर्ने) सँग सम्बन्धित**

२.७.१८ स्टार्ट अप, व्यवसाय संवर्धन केन्द्र (Incubation Center), एकल विन्दु सेवा केन्द्र, करिअर काउन्सेलिङ जस्ता कार्यक्रमलाई प्रभावकारी बनाइनेछ ।

२.७.१९ वैदेशिक रोजगारीबाट फर्किएका युवाको ज्ञान, सीप र पूँजीलाई उपयोग गर्न प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गरिनेछ।

२.७.२० नेपालका कारागारमा रहेका युवाहरूलाई प्राविधिक ज्ञान एवं सीपमूलक तालिम उपलब्ध गराई उद्यम र रोजगारीमा आबद्ध गराइनेछ।

२.७.२१ युवालाई नवप्रवर्तन, विद्युतीय उद्यम, अनलाइन व्यवसाय तथा व्यापारका क्षेत्रमा उद्यमशीलता विकासका कार्यक्रम सञ्चालन गरिनेछ।

**रणनीति २.६.८ (जीविकोपार्जनका अवसरमा युवाहरूको पहुँच बढाउन स्थानीय स्रोतसाधन र परम्परागत सीपमा आधारित रोजगारी तथा स्वरोजगारीमा आबद्धता बढाउने।) सँग सम्बन्धित**

२.७.२२ पर्यटन, वन, ऊर्जा, पूर्वाधारलगायतका क्षेत्रमा रोजगारी र स्वरोजगारीका अवसरहरू विस्तार गरिनेछ।

२.७.२३ परम्परागत पेसालाई संवर्धन गरी नयाँ पुस्तामा हस्तान्तरण गर्न परम्परागत सीपको आधुनिकीकरण, परिमार्जन र हस्तान्तरणका कार्यक्रम सञ्चालन गरिनेछ।

२.७.२४ युवा लक्षित कृषि रोजगार कार्यक्रम सञ्चालन गरिनेछ।

**रणनीति २.६.९ (युवा उद्यमीलाई प्रोत्साहन गर्न सीप, पुँजी, उद्यम र बजार व्यवस्थापनमा लगानी बढाउने तथा लगानीको सुरक्षा तथा व्यावसायिक स्वास्थ्य तथा सुरक्षा सुनिश्चित गर्ने।) सँग सम्बन्धित**

२.७.२५ औद्योगिक प्रतिष्ठानसँगको सहकार्यमा सीपमूलक एवं व्यावसायिक तालिम सञ्चालन गरिनेछ।

२.७.२६ सङ्घ, प्रदेश र स्थानीय तहमा नगद, वित्तीय पहुँच, इन्क्युबेसन अवसर तथा पुरस्कारसहितका उद्यमशीलता प्रतियोगिताहरू सञ्चालन गरिनेछ।

२.७.२७ श्रमिक अधिकारलाई स्थापित गर्ने तथा व्यावसायिक स्वास्थ्य तथा सुरक्षाको प्रत्याभूति गर्ने सम्बन्धी कार्यक्रमहरू सञ्चालन गरिनेछ।

२.७.२८ कृषि तथा पशुपन्छी व्यवसाय लगायतका उत्पादनमुलक क्षेत्रमा युवालाई आकर्षित गर्न कानूनबमोजिम सहुलियतपूर्ण ऋण, अनुदान तथा बीमा एवं कर छुटको व्यवस्था गरिनेछ।

२.७.२९ सहकारीमार्फत युवा उद्यमीका उत्पादनलाई बजारसँग जोड्न सहकारी सङ्घसंस्थाहरूको परिचालन गरिनेछ।

**रणनीति २.६.१० (खेलकुदको आधुनिकीकरण तथा व्यावसायिकरण गरी स्वस्थ, अनुशासित एवं प्रतिस्पर्धी युवा तयार गर्ने।) सँग सम्बन्धित**

२.७.३० खेलकुद क्षेत्रमा युवालाई आकर्षित गर्न खेलकुदलाई व्यावसायिक र खेलाडीलाई आत्मनिर्भर बनाउन विश्व खेलकुदमा आएका नविनतम प्रविधिको अवलम्बन गरिनेछ।

२.७.३१ आधुनिक तथा परम्परागत, पर्वतीय तथा साहसिक खेलमा निजी क्षेत्रलाई प्रोत्साहन गरी खेल गतिविधिहरूको विस्तार र व्यवसायीकरण गरिनेछ।

**रणनीति २.६.११ (युवालाई खेलकुद प्रति अभिरुचि बढाउन खेल पूर्वाधार निर्माण, विभिन्न प्रशिक्षण र प्रतिस्पर्धाको अवसर एवं प्रोत्साहनका कार्यक्रमहरू सञ्चालन गर्ने।) सँग सम्बन्धित**

२.७.३२ 'एक विद्यालयः एक खेल मैदान, 'एक पालिकाः एक खेलग्राम तथा सबै प्रदेश र सङ्घमा आधुनिक खेल पूर्वाधारको निर्माण गरिनेछ।

२.७.३३ सरकार तथा निजी क्षेत्रको लगानीमा प्रशिक्षण र प्रतियोगिता (पारा र विशेषसहित)का कार्यक्रम सञ्चालन गरिनेछ।

२.७.३४ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पदक विजेता युवा खेलाडीलाई थप प्रोत्साहित गर्न सम्मान तथा कानून बमोजिम पुरस्कार प्रदान गरिनेछ।

**रणनीति २.६.१२ (युवा लक्षित कला, साहित्य, संस्कृति एवं मनोरञ्जनात्मक कार्यक्रमहरू सञ्चालन गरी युवा सहभागिता बढाउने।) सँग सम्बन्धित**

२.७.३५ कला, साहित्य र स्थानीय संस्कृतिको संरक्षण र संवर्धन गर्न टोल, गाउँ, नगर र जिल्ला तहमा सांस्कृतिक तथा खेलकुद मञ्चहरू स्थापना गरिनेछ।

२.७.३६ युवाको सूचनामा पहुँच, ज्ञानआर्जन, खाली समयको सदुपयोग तथा मनोरञ्जनका लागि वडास्तरमा पुस्तकालय स्थापनाको पहल गरिनेछ।

**रणनीति २.६.१३ (वातावरण संरक्षण र दिगो विकासका लागि नवप्रवर्तन र प्रविधिको उपयोग गर्दै युवाको अगुवाईमा अभियान सञ्चालन गर्ने।) सँग सम्बन्धित**

२.७.३७ सङ्घदेखि स्थानीय तहसम्म जैविक विविधता, जलवायु परिवर्तन र वातावरण संरक्षणका विषयमा युवाको अगुवाईमा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

२.७.३८ युवाहरूको सहभागितामा वातावरण संरक्षण र दिगो विकास सम्बन्धी प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गरिनेछ।

**रणनिति २.६.१४ (जलवायु परिवर्तनका असर न्यूनीकरण गर्न, अनुकूलनता बढाउन र उत्थानशीलता प्रवर्धनको लागि युवालाई क्रियाशील बनाउने।) सँग सम्बन्धित**

२.७.३९ एक स्थानीय तहमा एकजना जलवायु परिवर्तन दूतको व्यवस्था गरिनेछ।

२.७.४० जलवायु परिवर्तन र पर्यावरणका कारण हुन सक्ने क्षति न्यूनीकरण र अनुकूलन क्षमता बढाउन युवाहरूलाई प्रशिक्षण र परिचालन गरिनेछ।

**रणनीति २.६.१५ (जलवायु परिवर्तनका कारण उत्पन्न हुने सामाजिक, आर्थिक र वातावरणीय क्षतिबाट प्रभावित युवालाई जलवायु न्यायको समानुपातिक वितरण सुनिश्चितता गर्ने।) सँग सम्बन्धित**

२.७.४१ युवाको सहभागितामा समुदायस्तरमा नवीकरणीय ऊर्जा र न्यून कार्बन खपतसम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ।

२.७.४२ दिगो जीवनयापनको आधार तयार गर्न वातावरणीय अनुकूलताका पेसा, व्यवसाय, उद्यम गर्न युवाको दक्षता अभिवृद्धिमूलक कार्यक्रम सञ्चालन गरिनेछ।

**रणनीति २.६.१६ (डिजिटल समावेशीकरणको सिद्धान्तअनुरूप सूचना प्रविधिको प्रयोगमा सबै युवाको सहभागिता सुनिश्चित गर्दै सूचना प्रविधिको क्षेत्रलाई रोजगारीको मुख्य केन्द्रको रूपमा विकास गर्ने।) सँग सम्बन्धित**

२.७.४३ डिजिटल साक्षरतालगायत सूचना प्रविधिसम्बन्धी तालिम तथा विविध कार्यक्रमहरू सञ्चालन गरिनेछ।

२.७.४४ डिजिटल समुदायमा प्रवेश गर्न मेन्टरसीप, नेटवर्किङलगायतका कार्यक्रम सञ्चालन गरिनेछ।

२.७.४५ डिजिटल प्रविधिमा आधारित रोजगारीमा युवालाई आकर्षित गर्न दक्षता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ।

**रणनीति २.६.१७ (सूचना प्रविधिको अधिकतम प्रयोग गर्दै विज्ञानको अध्ययन, अनुसन्धान एवं आविष्कारको क्षेत्रमा युवाहरूको सहभागिता बढाई सबैको पहुँचयोग्य प्रविधिको विकास गर्ने।) सँग सम्बन्धित**

२.७.४६ आधुनिक प्रविधि (रोबोटिक्स, मेसिन लर्निङ, आर्टिफिसियल इन्टेलिजेन्स, ब्लकचेन तथा मेडिकल टुरिजम) का क्षेत्रमा युवाहरूको क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ।

२.७.४७ सूचना प्रविधिको क्षेत्रमा अन्वेषण भएका सिर्जना र सर्जकको बौद्धिक सम्पत्तिको अधिकार सुनिश्चित गर्न प्रवर्तनात्मक कार्यक्रम सञ्चालन गरिनेछ।

२.७.४८ आधुनिक प्रविधिको विकास तथा अन्वेषणमा फेलोसिप, इन्टर्नसीप सञ्चालन गरिनेछ।

**रणनीति २.६.१८ (सूचनाको पहुँच तथा सुरक्षा, गोपनीयता तथा साइबर सुरक्षामा युवाको भूमिका पहिचान गर्दै विज्ञान तथा प्रविधिको विकासमा युवा सहभागिता बढाउने।) सँग सम्बन्धित**

२.७.४९ साइबर सुरक्षा तथा सामाजिक सञ्जालको उपयोगमा युवाको दायित्वको बारेमा युवा लक्षित जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

२.७.५० तथ्याङ्क तथा सूचनाको गोपनीयता, साइबर सुरक्षासम्बन्धी नीति तथा कानूनलाई अद्यावधिक गर्न नीतिगत समन्वय गरिनेछ।

२.७.५१ विश्वको बदलिंदो परिवेशसँगै विकास भएको सूचना प्रविधिको प्रयोग, उपादेयता र अवसर एवं चुनौतीको बारेमा युवाको लागि सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

**रणनीति २.६.१९ (राज्यको मूल प्रवाहमा पछाडि परेका युवाको आर्थिक, सामाजिक एवं राजनीतिक सशक्तीकरण गर्ने।) सँग सम्बन्धित**

२.७.५२ औपचारिक तथा अनौपचारिक शिक्षा, स्वास्थ्य सेवा, सीपमुलक तालिम तथा रोजगारीमा विशेष प्राथमिकता प्राप्त युवालाई प्राथमिकता दिइनेछ।

२.७.५३ औपचारिक शिक्षामा पछाडि परेका युवाका लागि छात्रवृत्ति कार्यक्रम सञ्चालन गरिनेछ।

२.७.५४ जोखिममा रहेका युवाका लागि पुनःस्थापनाका कार्यक्रम सञ्चालन गरिनेछ।

२.७.५५ विशेष प्राथमिकता प्राप्त समूहका युवालाई रोजगारीका क्षेत्रमा संलग्न गराउन सशक्तिकरणका कार्यक्रम सञ्चालन गरिनेछ।

**रणनीति २.६.२० (राज्यबाट प्राप्त हुने लाभको वितरण तथा उपभोगमा युवा सहभागिता अभिवृद्धि गर्ने।) सँग सम्बन्धित**

२.७.५६ अल्पसङ्ख्यक र सीमान्तकृत युवाको प्राकृतिक, सामाजिक, सांस्कृतिक एवं परम्परागत स्रोतमाथि पहुँच कायम गर्न विशेष कार्यक्रमहरू सञ्चालन गरिनेछ।

२.७.५७ राज्यबाट प्राप्त हुने लाभको वितरण र उपभोगमा समानता गर्न विषयगत निकायसँग नीतिगत समन्वय गरिनेछ।

**रणनीति २.६.२१ (आर्थिक, सामाजिक, सांस्कृतिक र राजनीतिक क्षेत्रमा युवा नेतृत्वलाई प्रोत्साहन र प्राथमिकता दिने।) सँग सम्बन्धित**

२.७.५८ सामुदायिक सङ्गठन, निजी क्षेत्र तथा सहकारी सङ्घसंस्थाहरूमा युवाको नेतृत्व स्थापित गर्न आवश्यक सहजीकरण र समन्वय गरिनेछ।

२.७.५९ राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा रचनात्मक कार्य गरी ख्याति कमाएका युवालाई सम्मान तथा प्रोत्साहन गरिनेछ।

**रणनीति २.६.२२ (नीति निर्माणदेखि कार्यान्वयनसम्मका चरणमा युवाको समावेशी र सार्थक सहभागिता सुनिश्चित गर्ने।)सँग सम्बन्धित**

२.७.६० नीति निर्माण तथा कार्यान्वयनमा युवाको समावेशी सहभागिता सुनिश्चित गर्न विषयगत निकायसँग नीतिगत समन्वय गरिनेछ।

२.७.६१ राष्ट्रियस्तरमा सामाजिक, आर्थिक, राजनीतिक, वातावरणीय, सांस्कृतिक क्षेत्र र अन्तर्राष्ट्रिय कूटनीतिक क्षेत्रमा युवाको नेतृत्वको लागि क्षमता विकास तथा सशक्तिकरणका कार्यक्रम सञ्चालन गरिनेछ।

**रणनीति २.६.२३ (लोकतन्त्रको संस्थागत विकास, दिगो शान्ति, सुशासन र समृद्धिमा युवाको संलग्नता, स्वामित्व र योगदानको वातावरण तयार गर्ने।) सँग सम्बन्धित**

२.७.६२ लोकतन्त्रको संस्थागत विकासमा युवाहरूको स्वामित्व स्थापित गर्न युवालाई तहगत सरकारका सबै संरचनामा प्रतिनिधित्वको सुनिश्चितता गरिनेछ।

२.७.६३ कानूनको शासन, दिगो शान्तिका क्षेत्रमा हुने बहस पैरवीमा युवाको संलग्नता र योगदान सुनिश्चित गर्न नीतिगत समन्वय गरिनेछ।

**रणनीति २.६.२४ (युवा लक्षित कार्यक्रममा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सरोकारवाला निकाय, सङ्घसंस्थाको सहभागिता र स्वामित्व स्थापित गर्ने।) सँग सम्बन्धित**

२.७.६४ राजनीतिक युवा सङ्घ, सङ्गठन, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, सहकारी, निजी क्षेत्र तथा दातृ निकायको सहकार्यमा युवा लक्षित कार्यक्रम सञ्चालन गरिनेछ।

२.७.६५ गैरआवासीय नेपाली युवाको साझेदारीमा आर्थिक समृद्धि र विकास निर्माणका परियोजना सञ्चालन गरिनेछ।

२.७.६६ युवा कूटनीतिमार्फत क्षेत्रीय, अन्तर्राष्ट्रिय सङ्घसंस्था तथा बहुपक्षीय/द्विपक्षीय साझेदारीमा विभिन्न परियोजना र कार्यक्रम सञ्चालन गरिनेछ।

२.७.६७ निजी क्षेत्रले संस्थागत सामाजिक उत्तरदायित्वमार्फत युवाको बहुआयामिक विकासमा योगदान गर्ने कार्यक्रम सञ्चालन गरिनेछ।

**रणनिति २.६.२५ (युवामार्फत समग्र राष्ट्रको विकास गर्न सङ्घ, प्रदेश र स्थानीय तह बीचको सहकार्य र साझेदारीको पद्धतिलाई आधार बनाउने।) सँग सम्बन्धित**

२.७.६८ युवा प्रतिभा पहिचान गरी उनीहरूको सीप र क्षमतालाई उपयोग गर्न राज्यका तीनै तह सम्मिलित एकीकृत संयन्त्रको स्थापना गरिनेछ।

२.७.६९ अन्तर्राष्ट्रियस्तरमा युवा विकासका क्षेत्रमा नेपालले गरेका प्रतिबद्धताहरू कार्यान्वयन गर्न उपयुक्त कार्यक्रमहरू सञ्चालन गरिनेछ।

२.७.७० सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय तह बीच समन्वय र सहकार्यमा युवालक्षित योजना निर्माण र कार्यान्वयन गरिनेछ।

# परिच्छेद तीनः
# नीति कार्यान्वयन

## ३.१ संस्थागत व्यवस्था

यस नीति कार्यान्वयनका लागि आवश्यक कानूनी सुधारका साथै सार्वजनिक क्षेत्रमा मितव्ययिता र दिगोपना हुने गरी राज्यका तीनै तहका सरकार अन्तर्गतका विद्यमान संरचनाहरूको क्षमता अभिवृद्धि गरिनेछ। तहगत सरकारहरू बीच सहकार्यात्मक अन्तरसम्बन्ध कायम गर्न आवश्यकता र औचित्यको आधारमा सङ्घ, प्रदेश र स्थानीय तहमा आवश्यक व्यवस्था गरी नीति कार्यान्वयनको नेतृत्व सङ्घीय युवा तथा खेलकुद मन्त्रालयले गर्नेछ। यसरी नेतृत्व गर्दा प्रदेश र स्थानीय तह, सबै सरकारी निकाय, गैरसरकारी क्षेत्र तथा निजी क्षेत्रसँग समन्वय गरिनेछ। यस नीतिले परिलक्षित गरेका क्षेत्रगत कार्यक्रम कार्यान्वयन, अनुगमन र समन्वयको जिम्मेवारी सम्बन्धित विषयगत मन्त्रालयहरूको समेत हुनेछ। आफ्नो कार्यक्षेत्रभित्र परेका विषयहरू कार्यान्वयन गर्न सङ्घीय सरकारका मन्त्रालयहरूले आवश्यक कानूनी व्यवस्था मिलाउनेछन्।

साथै, प्रदेश सरकारले आवश्यक नीति निर्माण र संस्थागत व्यवस्था गरी यस नीतिको कार्यान्वयनमा सघाउने छन्। स्थानीय तहले उपयुक्त तयारी गरी नीतिको कार्यान्वयन गर्नु पर्नेछ। राष्ट्रिय युवा परिषद्ले सरकारी, गैरसरकारी तथा निजी क्षेत्रबाट सञ्चालित युवासम्बन्धी कार्यक्रमहरूको संयोजन, समन्वय तथा सहजीकरण गर्नेछ। युवा तथा साना व्यवसायी स्वरोजगार कोषले कानूनबमोजिम विना धितो सुलभ ब्याजदरमा कर्जा उपलब्ध गराउनेछ। राष्ट्रिय खेलकुद परिषद्ले खेल पूर्वाधार, प्रतियोगितालगायत युवा लक्षित खेलकुदको विकासको लागि आवश्यक कार्यहरू गर्नेछ। नेपाल स्काउटले विपद्, मेलापर्व तथा सांस्कृतिक परम्परागत कार्यक्रम व्यवस्थापनमा स्वयंसेवा परिचालन लगायतका कार्य गर्नेछ। यस नीतिबमोजिम युवाका आवश्यकतानुसार युवाको नेतृत्व, सीप र उद्यमशीलता विकासका लागि युवा सूचना केन्द्रलाई स्तरोन्नति गरिनेछ। साथै, युवा विकास, क्षमता विकास र प्रविधि विकास कार्यक्रममा संलग्न सङ्घसंस्था एवं निकायले

सञ्चालन गर्ने कार्यक्रममा एकरूपता कायम गरी गुणस्तरीय बनाउन आवश्यक व्यवस्था गरिनेछ।

युवासम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्न युवासम्बन्धी काम गर्ने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी सङ्घसंस्था, सहकारी तथा निजी क्षेत्र, नागरिक समाज र सामुदायिक संस्थाहरूलाई प्रोत्साहन तथा परिचालन गरी उपयुक्त वातावरण सिर्जना गरिनेछ। यस्ता सङ्घसंस्थाको स्रोतलाई युवासम्बन्धी कार्यक्रममा परिचालन गर्न साझेदारी गरिनेछ। यस कार्यको निर्देशन तथा समन्वय युवा तथा खेलकुद मन्त्रालय, विषयगत मन्त्रालय र राष्ट्रिय युवा परिषद्ले गर्नेछ।

## ३.२. कानूनी व्यवस्था

यस नीतिको प्रभावकारी कार्यान्वयनको लागि देहायबमोजिम कानूनी प्रबन्ध गरिनेछ।

(क) सम्बन्धित विषय क्षेत्रगत ऐन, नियम, निर्देशिका र कार्यविधिहरू आवश्यकतानुसार संशोधन वा तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ।

(ख) क्षेत्रगत विषयहरूसँग सम्बन्धित कानूनहरूमा आवश्यकतानुसार संशोधन गर्न आवश्यक समन्वय गरिनेछ।

## ३.३. वित्तीय, भौतिक तथा मानवीय स्रोत व्यवस्थापन

यस नीतिको कार्यान्वयन नेपाल सरकारका सम्बद्ध मन्त्रालय तथा निकायहरूको नियमित बजेट तथा जनशक्तिमार्फत गरिनेछ। सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय तहले आफ्ना आवधिक तथा वार्षिक योजनामा यस नीतिले निर्दिष्ट गरेका युवा विकासका उद्देश्य तथा नीतिलाई प्राथमिकता दिई कार्यान्वयन गर्दै लैजानेछन्।

यसका अतिरिक्त राष्ट्रिय, अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, सहकारी तथा निजी क्षेत्र र दातृ निकायसँगको समन्वय तथा साझेदारीमा यस नीतिले परिलक्षित गरेका युवा विकासका कार्यक्रम सञ्चालनका लागि थप स्रोत जुटाई परिचालन गरिनेछ। नीति कार्यान्वयनका सन्दर्भमा कुनै पूर्वाधार तथा उपकरण आवश्यक पर्ने भए युवा तथा खेलकुद मन्त्रालयको नेतृत्वमा सम्बन्धित निकायसँग समन्वय गरी आवश्यक व्यवस्था गरिनेछ।

## ३.४. नीति समन्वय र सामञ्जस्यता

यस नीतिको कार्यान्वयनमा क्षेत्रगत नीति, योजना, वार्षिक बजेट र कार्यक्रम बीच तादात्म्यता मिलाइनेछ। यस नीति प्रदेश तथा स्थानीय तहका लागि मार्गदर्शक नीतिको रूपमा रहनेछ। आफ्नो क्षेत्रको भौगोलिक, आर्थिक, सामाजिक, सांस्कृतिक र व्यवस्थापकीय स्थितिको आकलन गरी तत् तत् निकायले नीतिगत अनुकूलन (Customization and Configuration) गर्न सक्नेछन्।

यस नीतिको कार्यान्वयनमा अन्तर मन्त्रालय, तीन तहका सरकार, निजी क्षेत्र, सहकारी क्षेत्र, सामुदायिक संस्था, विकास साझेदारको समेत भूमिका अपरिहार्य हुने भएकोले सम्बद्ध सबै पक्षको समन्वयमा सहकार्य र साझेदारी गरिनेछ। सरोकारवालाहरू बीच आपसी समन्वयका लागि उपयुक्त संयन्त्र निर्माण गरिनेछ।

## ३.५. जोखिम पहिचान र व्यवस्थापन

आवधिक योजना, बार्षिक बजेट तथा कार्यक्रमहरूमा असमाञ्जस्यता तथा अस्थिरता हुन सक्ने, पर्याप्त स्रोतसाधन, क्षमता, परिवर्तन व्यवस्थापन सीप, नीतिगत, संरचनागत तथा कार्यगत समन्वयको अभावमा नीति कार्यान्वयनमा नकारात्मक प्रभाव पर्न सक्छ। तीन तहका सरकार तथा अन्य सरोकारवालाको अर्थपूर्ण सहभागिता तथा प्राथमिकता न्यून हुन सक्ने, नीति कार्यान्वयनमा लक्षित युवाको अर्थपूर्ण सहभागिता नभई राजनीतिकरण हुन सक्ने, विषयगत मन्त्रालय तथा निकायहरू मार्फत सञ्चालन हुने युवासम्बन्धी कार्यक्रमहरूमा एकरूपता तथा प्रभावकारी कार्यान्वयन नभएमा नीतिले परिलक्षित गरेका लक्ष्य हासिल गर्न कठिन हुन सक्ने लगायतका जोखिम आकलन गरिएको छ।

राष्ट्रिय युवा नीति, २०८२ कार्यान्वयनको क्रममा आउने जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न जिम्मेवार निकायले नीति कार्यान्वयनका हरेक चरणमा सरोकारवाला पक्षको सार्थक सहभागिता गराउनु पर्नेछ। राज्यका तीन तहका सरकार तथा सम्बन्धित विषयगत निकाय बीच नीतिगत तथा कार्यक्रमगत समन्वय कायम गरी सम्भाव्य जोखिम कम गर्न प्रयास गरिनेछ।

## ३.६. अनुगमन, मूल्याङ्कन तथा नीति पुनरावलोकन

### ३.६.१. अनुगमन तथा मूल्याङ्कन

यस नीति कार्यान्वयन गर्दा यसले प्राप्त गर्ने प्रतिफल र उद्देश्यहरू पूर्ण वा आंशिक रूपमा पूरा भए/भएनन् भनी गरिने अनुगमन र मूल्याङ्कनमा राष्ट्रिय योजना आयोग, युवा तथा खेलकुद मन्त्रालय, सङ्घ तथा प्रदेशका सम्बन्धित मन्त्रालयहरू र राष्ट्रिय युवा परिषद् जिम्मेवार रहनेछन्।

यस नीतिको कार्यान्वयनको मूल्याङ्कनको जिम्मेवारी देहायबमोजिम हुनेछ :

| | | |
|---|---|---|
| प्रभाव तहको मूल्याङ्कन | - | राष्ट्रिय योजना आयोगबाट |
| कार्यक्रम तहको मूल्याङ्कन | - | तहगत सरकारबाट |
| कार्यान्वयन तहको मूल्याङ्कन | - | तहगत निकायबाट |
| नीति परीक्षण | - | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय तथा नीति अनुसन्धान प्रतिष्ठानबाट |
| युवा मैत्री शासन परीक्षण | - | राष्ट्रिय युवा परिषद्बाट |

अनुगमन तथा मूल्याङ्कनका लागि विषयगत मन्त्रालयहरू, गैरसरकारी तथा निजी क्षेत्रसँग समन्वय गरी सहभागितामूलक अनुगमन प्रणाली अवलम्बन गरिनेछ।

नीति कार्यान्वयनको प्रभावकारिता अनुगमन एवं मूल्याङ्कन गरी सहजीकरण गर्न युवा तथा खेलकुद मन्त्रालयका सचिवको संयोजकत्वमा अन्तर मन्त्रालय तथा अन्तर तहगत राष्ट्रिय युवा नीति अनुगमन तथा मूल्याङ्कन समिति गठन गरिनेछ।

### ३.६.२. नीति समीक्षा तथा पुनरावलोकन

नीति समीक्षा, पुनरावलोकन तथा परिमार्जनको कार्य स्थानीय तह तथा प्रदेशको सहभागितामा युवा तथा खेलकुद मन्त्रालय आफैंले वा स्वतन्त्र नीति समीक्षक व्यक्ति वा संस्थामार्फत गरिनेछ।

नीतिको कार्यान्वयनबाट अपेक्षित उपलब्धि वा प्रतिफल हासिल भए नभएको विषयमा नीति अनुसन्धान प्रतिष्ठानले तयार गरेको 'सार्वजनिक नीति समीक्षाको मार्गदर्शन,

२०७८' समेतलाई आधार मानी नीति समीक्षा गरिनेछ। उक्त नीति समीक्षा तथा पुनरावलोकनको आधारमा नीति कार्यान्वयन भएपछि आवधिक रूपमा सरोकारवालाको सहभागितामा विस्तृत नीति समीक्षा गरी नीतिको निरन्तरता, परिमार्जन, खारेजी वा नयाँ नीति तर्जुमासम्बन्धी निर्णय गरिनेछ। यस नीति कार्यान्वयनको प्रत्येक पाँच वर्षमा समीक्षा गरिनेछ र आवश्यकतानुसार पुनरावलोकन गरी परिमार्जन र सुधार गर्दै लगिनेछ। नीति समीक्षा, पुनरावलोकन तथा परिमार्जनको प्रक्रियामा नीति संवाद विधि लगायतको अभ्यासलाई अवलम्बन गरिनेछ।

## ३.७. नीति कार्यान्वयन कार्ययोजना

यस नीतिमा प्रस्तावित लक्ष्य, उद्देश्य, नीति, रणनीति र कार्यनीतिको कार्यान्वयन गर्न नीति कार्यान्वयन कार्ययोजना तयार गरिएको छ। युवाको विकास र विकासमा युवाको अवधारणा कार्यान्वयन गर्न विभिन्न विषयगत मन्त्रालय तथा निकायहरूको सहकार्यात्मक अन्तरसम्बन्ध आवश्यक पर्ने हुँदा सबै निकायको भूमिका परिभाषित गरिएको छ।

## ३.८. खारेजी र बचाउ

राष्ट्रिय युवा नीति, २०७२ खारेज गरिएको छ। सो नीतिमा आधारित भई भए गरेका कार्यहरू यसै नीतिअनुसार भएको मानिनेछ। नीति कार्यान्वयनको सन्दर्भमा कुनै दुविधा वा बाधा अड्काउ परेमा त्यसको व्याख्या युवा तथा खेलकुद मन्त्रालयले गर्नेछ।

# अनुसूची १

## (खण्ड ३.७ सँग सम्बन्धित)

## नीति कार्यान्वयन कार्ययोजना

| क्र. सं. | कार्यनीतिबमोजिमका क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|
| १ | औपचारिक, अनौपचारिक र वैकल्पिक शिक्षामार्फत सबै युवाको समान र सहज पहुँच | युवा तथा खेलकुद मन्त्रालय; शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय; विश्वविद्यालय अनुदान आयोग; विश्वविद्यालयहरू | प्रदेश सरकार, स्थानीय तह | २ वर्षभित्र | औपचारिक, अनौपचारिक र वैकल्पिक शिक्षामा सहज पहुँच, छात्रवृत्ति तथा नेशनल फेलोसीप, समयानुकुल पाठ्यक्रममा परिमार्जन, शैक्षिक अनुसन्धानका प्रतिवेदनको कार्यान्वयन, जीवनोपयोगी सीप र शिक्षा, श्रम बजारमा आधारित व्यावसायिक तथा प्राविधिक शिक्षा तथा सीप विकास तालिमको |
| २ | उच्च शिक्षामा छात्रवृत्ति तथा नेशनल फेलोसीप कार्यक्रम | युवा तथा खेलकुद मन्त्रालय; शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय; विश्वविद्यालय अनुदान आयोग | प्रदेश सरकार, स्थानीय तह | निरन्तर | |
| ३ | विद्यालय र विश्वविद्यालयका पाठ्यक्रममा आवश्यक परिमार्जन | युवा तथा खेलकुद मन्त्रालय; शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | विश्वविद्यालयहरू, पाठ्यक्रम विकास केन्द्र | २ वर्षभित्र | |
| ४ | जीवनोपयोगी सीपसम्बन्धी शैक्षिक तालिम | युवा तथा खेलकुद मन्त्रालय; शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | प्रदेश सरकार, शैक्षिक तालिम प्रतिष्ठानहरू | निरन्तर | |

| क्र. सं. | कार्यनीतिबमोजिमका क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|
| ५ | विश्वविद्यालयका पाठ्यक्रम तथा विद्युतीय प्लेटफर्ममा जीवन दर्शनका अनलाइन कोर्स | युवा तथा खेलकुद मन्त्रालय; शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | शैक्षिक तालिम प्रतिष्ठानहरू | निरन्तर | सञ्चालन र विद्यार्थी सहुलियतका कार्यक्रमले गर्दा युवाले गुणस्तरीय, जीवनोपयोगी र रोजगारमूलक शिक्षा प्राप्त गर्नेछन्। |
| ६ | शैक्षिक अनुसन्धान केन्द्रहरूका सिफारिसहरूको कार्यान्वयन | युवा तथा खेलकुद मन्त्रालय, विश्वविद्यालय अनुदान आयोग, विश्वविद्यालयहरू | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय; प्रदेश सरकार | निरन्तर | |
| ७ | उच्चशिक्षामा अध्ययनरत युवालाई शैक्षिक ऋण | अर्थ मन्त्रालय, युवा तथा खेलकुद मन्त्रालय, नेपाल राष्ट्र बैंक | विषयगत मन्त्रालयहरू, प्रदेश सरकार, स्थानीय तह, शैक्षिक संस्थाहरू | निरन्तर | |
| ८ | व्यावसायिक तथा प्राविधिक शैक्षिक कार्यक्रम | युवा तथा खेलकुद मन्त्रालय; शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् | निरन्तर | |
| ९ | उच्च शिक्षामा अध्ययनरत युवा स्वयंसेवक कार्यक्रम र जीवन निर्वाह भत्ता | युवा तथा खेलकुद मन्त्रालय; शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय; विश्वविद्यालय अनुदान आयोग | विश्वविद्यालयहरू | निरन्तर | |

| क्र.सं. | कार्यनीतिबमोजिमका क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|
| १० | प्राकृतिक चिकित्सा, योग, ध्यान, खाद्य पोषणको बारेमा जानकारीमूलक कार्यक्रम | युवा तथा खेलकुद मन्त्रालय, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, प्रदेश सरकार, स्थानीय तह | स्वास्थ्य प्रतिष्ठानहरू, नागरिक समाज, निजी क्षेत्र | निरन्तर | प्राकृतिक चिकित्सा, योग, ध्यान, खाद्य पोषणको बारेमा जानकारी, स्वास्थ्य संस्थाको विस्तार, आधुनिक चिकित्सासम्बन्धी प्रवर्धनात्मक कार्यक्रम, स्वास्थ्य बीमाको सर्वसुलभता, प्रजनन स्वास्थ्यको विषयमा सचेतना, मनोसामाजिक लगायतका विषयमा परामर्श सेवा, हिंसा, कुलत तथा लागूपदार्थ दुर्व्यसनीका लागि पुनःस्थापना तथा एच.आई.भी. तथा अन्य |
| ११ | स्वास्थ्य संस्थाको विस्तार | युवा तथा खेलकुद मन्त्रालय, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | अर्थ मन्त्रालय, प्रदेश सरकार, स्थानीय तह | निरन्तर | |
| १२ | आधुनिक चिकित्सासम्बन्धी प्रवर्धनात्मक कार्यक्रम | युवा तथा खेलकुद मन्त्रालय, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, स्वास्थ्य प्रतिष्ठानहरू | निरन्तर | |
| १३ | स्वास्थ्य बीमामा युवाको पहुँच | युवा तथा खेलकुद मन्त्रालय, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | प्रदेश सरकार, स्थानीय तह | निरन्तर | |
| १४ | प्रजनन स्वास्थ्यको विषयमा सचेतनामूलक कार्यक्रम | युवा तथा खेलकुद मन्त्रालय, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, प्रदेश सरकार, स्थानीय तह, गैरसरकारी संस्थाहरू | निरन्तर | |

| क्र. सं. | कार्यनीतिबमोजिमका क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|
| १५ | मनोसामाजिक लगायतका विषयमा परामर्श सेवा | युवा तथा खेलकुद मन्त्रालय, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | राष्ट्रिय युवा परिषद्, प्रदेश सरकार, स्थानीय तह | निरन्तर | घातक रोगबाट पीडितको लागि सहुलियतपूर्ण उपचारको कार्यक्रमले गुणस्तरीय स्वास्थ्य सेवामा युवाको सर्भसुलभ पहुँच बढ्नेछ। |
| १६ | हिंसा, कुलत तथा लागूपदार्थ दुर्व्यसनीका लागि पुनःस्थापना केन्द्र | युवा तथा खेलकुद मन्त्रालय; महिला , बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय; स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | प्रदेश सरकार, स्थानीय तह, गैरसरकारी संस्था | निरन्तर | |
| १७ | एच.आई.भी. तथा अन्य घातक रोगबाट पीडितको लागि सहुलियतपूर्ण उपचारको कार्यक्रम | युवा तथा खेलकुद मन्त्रालय, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | प्रदेश सरकार, स्थानीय तह | निरन्तर | |
| १८ | स्टार्ट अप, व्यवसाय संवर्धन केन्द्र (Incubation Center), एकल विन्दु सेवा केन्द्र, करिअर काउन्सेलिङ कार्यक्रम | युवा तथा खेलकुद मन्त्रालय; उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय; प्रदेश सरकार; स्थानीय तह | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय; नेपाल राष्ट्र बैंक; निजी क्षेत्रका प्रतिनिधिमूलक सङ्घसंस्थाहरू | निरन्तर | स्टार्ट अप, व्यवसाय संवर्धन केन्द्र (Incubation Center), एकल विन्दु सेवा केन्द्र, करिअर काउन्सेलिङ जस्ता कार्यक्रम, ज्ञान, सीप र |

| क्र. सं. | कार्यनीतिबमोजिमका क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|
| १९ | ज्ञान, सीप र पूँजीलाई उपयोग गर्न प्रोत्साहनमूलक कार्यक्रम | युवा तथा खेलकुद मन्त्रालय; श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | प्रदेश सरकार, स्थानीय तह, गैर आवासीय नेपाली सङ्घ | निरन्तर | पूँजीलाई उपयोग गर्ने प्रोत्साहनमूलक कार्यक्रम, प्राविधिक ज्ञान एवं सीपमूलक तालिम, विभिन्न व्यवसाय तथा व्यापारका क्षेत्रमा उद्यमशीलता विकासका कार्यक्रम, विभिन क्षेत्रमा रोजगारी र स्वरोजगारीका कार्यक्रम, परम्परागत सीपको आधुनिकीकरण, परिमार्जन र हस्तान्तरण, हरित कृषि रोजगार कार्यक्रम, सीपमूलक एवं व्यावसायिक तालिम, अवसर तथा पुरस्कार सहितका उद्यमशीलता |
| २० | बन्दीगृहमा रहेका युवाको लागि प्राविधिक ज्ञान एवं सीपमूलक तालिम | युवा तथा खेलकुद मन्त्रालय; गृह मन्त्रालय; उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय; श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | घरेलु तथा व्यवसायिक तालिम केन्द्रहरू, औद्योगिक तथा व्यापारिक प्रतिष्ठानहरू | निरन्तर | |
| २१ | नवप्रवर्तन, विद्युतीय उद्यम, अनलाइन व्यवसाय तथा व्यापारका क्षेत्रमा उद्यमशीलता विकासका कार्यक्रम | युवा तथा खेलकुद मन्त्रालय; उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | विषयगत मन्त्रालयहरू | निरन्तर | |
| २२ | पर्यटन, वन, उर्जा, पुर्वाधारका क्षेत्रमा | युवा तथा खेलकुद मन्त्रालय, अर्थ मन्त्रालय, | विषयगत मन्त्रालय, निजी क्षेत्र, | निरन्तर | |

| क्र. सं. | कार्यनीतिबमोजिमका क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|
| | रोजगारी र स्वरोजगारीका कार्यक्रम | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, प्रदेश सरकार, स्थानीय तह | सहकारी संस्था, गैरसरकारी संस्था | | प्रतियोगिता, व्यावसायिक स्वास्थ्य तथा सुरक्षाको प्रत्याभूति, व्यवसायिक बीमा, सहुलियतपूर्ण कर्जा र कर छुट तथा उत्पादनको बजारीकरणले राष्ट्रिय र अन्तराष्ट्रिय श्रम बजारमा प्रतिस्पर्धी मानव पुँजी निर्माणमा सहयोग पुग्नेछ। |
| २३ | परम्परागत सीपको आधुनिकीकरण, परिमार्जन र हस्तान्तरणका कार्यक्रम | युवा तथा खेलकुद मन्त्रालय, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय; स्थानीय तह | राष्ट्रिय युवा परिषद्, निजी क्षेत्रका प्रतिनिधिमूलक संस्थाहरू, औद्योगिक प्रतिष्ठानहरू | निरन्तर | |
| २४ | हरित कृषि रोजगार कार्यक्रम | युवा तथा खेलकुद मन्त्रालय, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, स्थानीय तह | प्रदेश सरकार, सहकारी संस्थाहरू, अनुसन्धान प्रतिष्ठानहरू, प्रशिक्षण प्रतिष्ठानहरू | निरन्तर | |
| २५ | औद्योगिक प्रतिष्ठानसँगको सहकार्यमा सीपमूलक एवं व्यावसायिक तालिम | युवा तथा खेलकुद मन्त्रालय; श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय; प्रदेश सरकार; स्थानीय तह | सीपमूलक तालिम प्रदायक संस्थाहरू | निरन्तर | |

| क्र. सं. | कार्यनीतिबमोजिमका क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|
| २६ | नगद, वित्तीय पहुँच, इन्क्युबेसन अवसर तथा पुरस्कार सहितका उद्यमशीलता प्रतियोगिता सञ्चालन | युवा तथा खेलकुद मन्त्रालय, प्रदेश सरकार, स्थानीय तह | अर्थ मन्त्रालय, बैंक तथा वित्तीय संस्था, औद्योगिक प्रतिष्ठान | निरन्तर | |
| २७ | व्यावसायिक स्वास्थ्य तथा सुरक्षाको प्रत्याभूति सम्बन्धी कार्यक्रम | युवा तथा खेलकुद मन्त्रालय; श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | गृह मन्त्रालय, प्रदेश सरकार, स्थानीय तह | निरन्तर | |
| २८ | सहुलियतपूर्ण ऋण, अनुदान, बीमा तथा कर छुटको व्यवस्था | युवा तथा खेलकुद मन्त्रालय, अर्थ मन्त्रालय, राष्ट्रिय बीमा समिति | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय; प्रदेश सरकार; स्थानीय तह | निरन्तर | |
| २९ | उत्पादनको बजारीकरणमा सहकारी संस्थाको परिचालन | युवा तथा खेलकुद मन्त्रालय; भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय; प्रदेश सरकार; स्थानीय तह | सहकारी संस्था, निजी व्यावसायिक सङ्घसंस्थाहरू | निरन्तर | |

| क्र. सं. | कार्यनीतिबमोजिमका क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|
| ३० | खेलकुद क्षेत्रमा नवीनतम प्रविधिको प्रयोग | युवा तथा खेलकुद मन्त्रालय | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, राष्ट्रिय खेलकुद परिषद् | निरन्तर | खेल पूर्वाधारको निर्माण, नियमित प्रशिक्षण र प्रतियोगिता, खेलकुद क्षेत्रमा नवीनतम प्रविधिको प्रयोग, खेल गतिविधिहरूको विस्तार र व्यवसायीकरण, युवा खेलाडीलाई पुरस्कार तथा सम्मानका साथै मनोरञ्जनको लागि सांस्कृतिक तथा खेलकुद केन्द्र र पुस्तकालय स्थापनाले स्वस्थ, अनुशासित र खेल क्षेत्रमा सक्षम युवा तयार हुनेछन्। |
| ३१ | खेल गतिविधिहरूको विस्तार र व्यवसायीकरण | युवा तथा खेलकुद मन्त्रालय; संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | प्रदेश सरकार, स्थानीय तह, राष्ट्रिय खेलकुद परिषद्, खेल सङ्घ संस्थाहरू, निजी क्षेत्र | निरन्तर | |
| ३२ | खेल पूर्वाधारको निर्माण | युवा तथा खेलकुद मन्त्रालय, अर्थ मन्त्रालय | प्रदेश सरकार, स्थानीय तह, राष्ट्रिय खेलकुद परिषद्, शैक्षिक संस्थाहरू | निरन्तर | |
| ३३ | प्रशिक्षण र प्रतियोगिताः (पारा र विशेषसहित) सञ्चालन | युवा तथा खेलकुद मन्त्रालय | राष्ट्रिय खेलकुद परिषद्, प्रदेश सरकार, | निरन्तर | |

| क्र. सं. | कार्यनीतिबमोजिमका क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|
| | | | स्थानीय तह,<br>खेल सङ्घ संस्थाहरू | | |
| ३४ | पुरस्कार तथा सम्मान वितरण | युवा तथा खेलकुद मन्त्रालय | अर्थ मन्त्रालय,<br>राष्ट्रिय खेलकुद परिषद्,<br>खेल सङ्घ संस्थाहरू | निरन्तर | |
| ३५ | सांस्कृतिक तथा खेलकुद केन्द्रको स्थापना | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय;<br>युवा तथा खेलकुद मन्त्रालय | जिल्ला र स्थानीय तहका खेलकुद विकास समितिहरू | २ वर्षभित्र | |
| ३६ | पुस्तकालय स्थापना | युवा तथा खेलकुद मन्त्रालय,<br>स्थानीय तह | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय;<br>प्रदेश सरकार | २ वर्षभित्र | |
| ३७ | जैविक विविधता संरक्षणसम्बन्धी समुदायस्तरमा युवाको अगुवाई सचेतनामूलक कार्यक्रम | वन तथा वातावरण मन्त्रालय,<br>कृषि तथा पशुपन्छी विकास मन्त्रालय,<br>युवा तथा खेलकुद मन्त्रालय | प्रदेश सरकार,<br>स्थानीय तह, राष्ट्रिय युवा परिषद्, गैरसरकारी सङ्घ संस्थाहरू | निरन्तर | जलवायु परिवर्तन र पर्यावरणका विषयमा सचेतनामूलक कार्यक्रम, प्रशिक्षण र परिचालन, वातावरण संरक्षण र दिगो |
| ३८ | वातावरण संरक्षण र दिगो | वन तथा वातावरण मन्त्रालय, युवा | प्रदेश सरकार, | निरन्तर | |

| क्र. सं. | कार्यनीतिबमोजिमका क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|
| | विकाससम्बन्धी प्रोत्साहनमूलक कार्यक्रम | तथा खेलकुद मन्त्रालय | स्थानीय तह, राष्ट्रिय युवा परिषद्, आदिवासी जनजाति आयोग, गैरसरकारी संस्थाहरू | | विकाससम्बन्धी प्रोत्साहनमूलक कार्यक्रम, एक स्थानीय तहः एक जलवायु परिवर्तन दूत कार्यक्रम, जैविक विविधता लगायतका क्षेत्रमा सचेतनामूलक कार्यक्रम, नवीकरणीय ऊर्जा र न्यून कार्बन खपतसम्बन्धी कार्यक्रम तथा वातावरणीय अनुकूलता सम्बन्धी दक्षता अभिवृद्धि जस्ता युवा लक्षित कार्यक्रमले जलवायु परिवर्तनका असर न्यूनीकरण, अनुकूलनता बढाउन र उत्थानशीलता |
| ३९ | एक स्थानीय तह एक जलवायु परिवर्तन दूत नियुक्ति | युवा तथा खेलकुद मन्त्रालय | स्थानीय तह | २ वर्षभित्र | |
| ४० | जलवायु र पर्यावरण सम्बन्धी प्रशिक्षण र परिचालन | युवा तथा खेलकुद मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, स्थानीय तह | प्रदेश सरकार राष्ट्रिय युवा परिषद्, गैरसरकारी संस्था | निरन्तर | |
| ४१ | नवीकरणीय ऊर्जा र न्यून कार्बन खपतसम्बन्धी कार्यक्रम | युवा तथा खेलकुद मन्त्रालय, उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय, वन तथा वातावरण मन्त्रालय | प्रदेश सरकार, स्थानीय तह, बैकल्पिक उर्जा प्रवर्धन केन्द्र | निरन्तर | |
| ४२ | वातावरणीय अनुकूलता सम्बन्धी दक्षता | युवा तथा खेलकुद मन्त्रालय, स्थानीय तह | वन तथा वातावरण मन्त्रालय | निरन्तर | |

| क्र. सं. | कार्यनीतिबमोजिमका क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|
| | अभिवृद्धिमूलक कार्यक्रम | | | | प्रवर्धनमा सहयोग पुग्नेछ। |
| ४३ | डिजिटल साक्षरतासम्बन्धी तालिम | युवा तथा खेलकुद मन्त्रालय, स्थानीय तह | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय; सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | निरन्तर | युवाको लागि दिइने सूचना प्रविधिसम्बन्धी तालिम, मेन्टरसीप, नेटवर्किङ तथा डिजिटल प्रविधिमा आधारित दक्षता अभिवृद्धि कार्यक्रम, आधुनिक प्रविधिसम्बन्धी क्षमता विकासका कार्यक्रम, सिर्जना र सर्जकको बौद्धिक सम्पत्तिको संरक्षण, आधुनिक प्रविधिको विकास तथा अन्वेषणमा फेलोसिप र इन्टर्नसीप, सामाजिक सञ्जालको |
| ४४ | मेन्टरसीप, नेटवर्किङसम्बन्धी कार्यक्रम | युवा तथा खेलकुद मन्त्रालय | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | निरन्तर | |
| ४५ | डिजिटल प्रविधिमा आधारित दक्षता अभिवृद्धि कार्यक्रम | युवा तथा खेलकुद मन्त्रालय, स्थानीय तह | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | निरन्तर | |
| ४६ | आधुनिक प्रविधिसम्बन्धी क्षमता विकासका कार्यक्रम | युवा तथा खेलकुद मन्त्रालय, स्थानीय तह | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | निरन्तर | |
| ४७ | सिर्जना र सर्जकको बौद्धिक सम्पत्तिसम्बन्धी | युवा तथा खेलकुद मन्त्रालय, स्थानीय तह | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय; | निरन्तर | |

| क्र. सं. | कार्यनीतिबमोजिमका क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|
| | प्रर्वतनात्मक कार्यक्रम | | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | | उपयोगसम्बन्धी जनचेतनामूलक कार्यक्रम, |
| ४८ | आधुनिक प्रविधिको विकास तथा अन्वेषणमा फेलोसीप र इन्टर्नसीप | युवा तथा खेलकुद मन्त्रालय; शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय; सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | अर्थ मन्त्रालय; उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय; राष्ट्रिय युवा परिषद्; विश्वविद्यालयहरू | निरन्तर | सूचना प्रविधिको उपयोगसम्बन्धी सचेतना, तथ्याङ्क तथा सूचनाको गोपनीयता, साइबर सुरक्षासम्बन्धी नीतिगत समन्वय जस्ता कार्यक्रमले विज्ञान तथा सूचना प्रविधिको क्षेत्रमा युवाको पहुँच, योगदानका साथै रोजगारीमा सहयोग पुग्नेछ। |
| ४९ | साइबर सुरक्षा र सामाजिक सञ्जालको उपयोगसम्बन्धी जनचेतनामूलक कार्यक्रम | युवा तथा खेलकुद मन्त्रालय; शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय; सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | गृह मन्त्रालय | निरन्तर | |
| ५० | तथ्याङ्क तथा सूचनाको गोपनीयता, साइबर सुरक्षासम्बन्धी नीतिगत समन्वय | युवा तथा खेलकुद मन्त्रालय; सञ्चार तथा सूचना प्रविधि मन्त्रालय; कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | गृह मन्त्रालय | १ वर्षभित्र | |

| क्र. सं. | कार्यनीतिबमोजिमका क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|
| ५१ | सूचना प्रविधिको उपयोगसम्बन्धी सचेतनामूलक कार्यक्रम | युवा तथा खेलकुद मन्त्रालय, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | राष्ट्रिय युवा परिषद्, शैक्षिक संस्थाहरू | निरन्तर | |
| ५२ | शिक्षा, स्वास्थ्य सेवा, सीपमुलक तालिम तथा रोजगारीमा विशेष प्राथमिकता | युवा तथा खेलकुद मन्त्रालय, विषयगत मन्त्रालयहरू | प्रदेश सरकार, स्थानीय तह | निरन्तर | |
| ५३ | विशेष प्राथमिकता समूहका लागि छात्रवृत्ति कार्यक्रम | युवा तथा खेलकुद मन्त्रालय; शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | प्रदेश सरकार, स्थानीय तह, शैक्षिक संस्थाहरू | निरन्तर | |
| ५४ | जोखिममा रहेका युवाका लागि पुर्नस्थापना कार्यक्रम | युवा तथा खेलकुद मन्त्रालय, स्थानीय तह | समाज कल्याण परिषद्, | निरन्तर | |
| ५५ | विशेष प्राथमिकता समूहलाई रोजगारीका क्षेत्रमा सशक्तिकरण कार्यक्रम | युवा तथा खेलकुद मन्त्रालय; श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय; शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | स्थानीय तह, राष्ट्रिय युवा परिषद्, युवा तथा साना व्यावसायी स्वरोजगार कोष | निरन्तर | |
| ५६ | अल्पसङ्ख्यक, सीमान्तकृत युवालाई स्थानीय स्रोतसाधनमा प्राथमिकता | युवा तथा खेलकुद मन्त्रालय, स्थानीय तह | राष्ट्रिय युवा परिषद् | निरन्तर | |

| क्र. सं. | कार्यनीतिबमोजिमका क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|
| ५७ | लाभको वितरणमा समानता कायम गर्न विषयगत निकायसँग नीतिगत तथा कार्यगत समन्वय | युवा तथा खेलकुद मन्त्रालय | विषयगत मन्त्रालयहरू | निरन्तर | |
| ५८ | सामुदायिक, निजी तथा सहकारी क्षेत्रमा युवाको नेतृत्व स्थापित गर्न सहजीकरण र समन्वय | युवा तथा खेलकुद मन्त्रालय, स्थानीय तह | सहकारी, गैरसरकारी, निजी सङ्घ संस्थाहरू | निरन्तर | |
| ५९ | राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा ख्याति कमाएका युवालाई सम्मान तथा प्रोत्साहन | युवा तथा खेलकुद मन्त्रालय | प्रदेश सरकार, स्थानीय तह | निरन्तर | |
| ६० | नीति निर्माण तथा कार्यान्वयनमा युवाको सहभागिताका लागि विषयगत मन्त्रालयसँग नीतिगत समन्वय | युवा तथा खेलकुद मन्त्रालय; कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | विषयगत मन्त्रालयहरू | निरन्तर | |

| क्र. सं. | कार्यनीतिबमोजिमका क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|
| ६१ | राष्ट्रिय र अन्तर्राष्ट्रिय मञ्चहरूमा हुने युवाको सहभागितालाई सशक्त बनाउन सशक्तिकरणका कार्यक्रम | युवा तथा खेलकुद मन्त्रालय | परराष्ट्र मन्त्रालय, अर्थ मन्त्रालय | निरन्तर | |
| ६२ | लोकतन्त्रको संस्थागत विकासका लागि तीनै तहका संरचनामा युवाको प्रतिनिधित्व सुनिश्चित गर्न | युवा तथा खेलकुद मन्त्रालय | विषयगत मन्त्रालयहरू | निरन्तर | |
| ६३ | विभिन्न विषयका बहस पैरवीमा युवाको योगदानका लागि नीतिगत सहभागिता | युवा तथा खेलकुद मन्त्रालय, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | विषयगत मन्त्रालयहरू | निरन्तर | |
| ६४ | विभिन्न निकायको सहकार्यमा युवा लक्षित कार्यक्रममा विभिन्न | युवा तथा खेलकुद मन्त्रालय, विषयगत मन्त्रालयहरू | राजनीतिक युवा सङ्घ सङ्गठन, राष्ट्रिय तथा | निरन्तर | सङ्घ, प्रदेश र स्थानीय तह सम्मिलित एकीकृत संयन्त्रको स्थापनाबाट |

| क्र. सं. | कार्यनीतिबमोजिमका क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|
| | निकायको सहकार्य | | अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, सहकारी तथा निजी क्षेत्र, दातृ निकाय | | युवा लक्षित योजना निर्माण र कार्यान्वयन गर्दै विभिन्न निकायको सहकार्यमा युवा लक्षित कार्यक्रम, आर्थिक समृद्धि र विकास निर्माणका परियोजना, अन्तर्राष्ट्रियस्तरका प्रतिबद्धताहरूको कार्यान्वयनमा युवाको क्षमता उपयोग भई समृद्ध राष्ट्र निर्माणमा सहयोग पुग्नेछ। |
| ६५ | गैरआवासीय नेपाली युवाको साझेदारीमा आर्थिक समृद्धि र विकास निर्माणका परियोजना | युवा तथा खेलकुद मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, लगानी बोर्ड | विषयगत मन्त्रालयहरू, गैरआवासीय नेपाली सङ्घ | निरन्तर | |
| ६६ | अन्तर्राष्ट्रिय बहुपक्षीय/ द्विपक्षीय सम्झौता तथा साझेदारीमा विभिन्न परियोजना र कार्यक्रम | युवा तथा खेलकुद मन्त्रालय, अर्थ मन्त्रालय | परराष्ट्र मन्त्रालय, विषयगत मन्त्रालयहरू, अन्तर्राष्ट्रिय बहुपक्षीय /द्विपक्षीय संस्थाहरू | निरन्तर | |
| ६७ | निजी क्षेत्रले संस्थागत सामाजिक उत्तरदायित्वमार्फत युवा विकासमा योगदान गर्ने। | युवा तथा खेलकुद मन्त्रालय, निजी क्षेत्र | सङ्घ, प्रदेश र स्थानीय तह | निरन्तर | |

| क्र. सं. | कार्यनीतिबमोजिमका क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|
| ६८ | सङ्घ, प्रदेश र स्थानीय तह सम्मिलित एकीकृत संयन्त्रको स्थापना | युवा तथा खेलकुद मन्त्रालय | प्रदेश सरकार, स्थानीय तह | १ वर्षभित्र | |
| ६९ | अन्तर्राष्ट्रियस्तरका प्रतिबद्धताहरू कार्यान्वयन गर्न उपयुक्त कार्यक्रम | युवा तथा खेलकुद मन्त्रालय | विषयगत मन्त्रालयहरू, प्रदेश सरकार, स्थानीय तह | निरन्तर | |
| ७० | सङ्घ, प्रदेश र स्थानीय तहको सहकार्यमा युवालक्षित योजना निर्माण र कार्यान्वयन | युवा तथा खेलकुद मन्त्रालय | विषयगत मन्त्रालयहरू, प्रदेश सरकार, स्थानीय तह | निरन्तर | |